# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २४८ | काठमाडौं | बुधबार, २३ पुस २०८२ | Prabhab National Daily | Wednesday, 07 January 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**राष्ट्रिय झण्डाको सम्मान गरौं ।**

राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः
- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी ) राख्न ।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न ।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न ।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन ।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न ।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं ।

राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता,
पहिचान र स्वाभिमानको रक्षा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


कांग्रेस महाधिवेशन विवाद

## विशेष महाधिवेशनको तयारी धमाधम, रोक्ने प्रयासमा संस्थापन

- विशेष महाधिवेशनका लागि विभिन्न १८ उपसमिति गठन
- शान्ति सुरक्षाको माग गर्दै काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई पत्र
- २६ गते महाधिवेशन प्रतिनिधि काठमाडौं आइपुग्ने, २७ मा उद्घाटन, २८ गते बन्दसत्र
- विशेष महाधिवेशनलाई चुनावी भेलामा परिणत गराउने प्रयासमा संस्थापनपक्ष



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशनको तयारी तीव्र बनाएका छन् । संस्थापनपक्षको रोक्ने प्रयासलाई तोड्दै जसरी पनि विशेष महाधिवेशन सम्पन्न गर्न उनीहरू अगाडि बढेका हुन् ।

पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा हुन लागेको विशेष महाधिवेशनका लागि तयारी धमाधम थालिएको कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले बताइन् । जिल्ला-जिल्लाबाट आउने महाधिवेशन प्रतिनिधिहरूलाई स्वागत तथा बसाइका लागि सबै पक्ष लागिसकेको गौतमले बताइन् । 'तयारी धमाधम चलिरहेको छ । विशेष महाधिवेशन रोकेर रोकिने वाला छैन,' गौतमले भनिन् ।

दोस्रो विशेष महाधिवेशनका लागि देशविदेशबाट प्रतिनिधि आउने क्रम सुरु भइसकेको कांग्रेसका अर्का केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले बताए । 'देश तथा विदेशबाट महाधिवेशन प्रतिनिधि आउने क्रम जारी छ,' मंगलबार दिउँसो शिवाकोटीले भने । कतिपय ठाउँमा महाधिवेशन प्रतिनिधिलाई रोक्ने काम भएकोसमेत शिवाकोटीले बताए । आवास र खानपानका लागि सबै तयारी थालिएको उनले बताए । केन्द्रीय समितिले विशेष महाधिवेशन आह्वान गर्नुपर्ने भए पनि यो नभएकोले आफूहरू यसमा अन्तिम तयारीमा लागेको शिवाकोटीले बताए । 'हामी अन्तिम तयारीमा छौं । २७ र २८ गते उद्घाटन र बन्दसत्र हुने छ,' उनले भने ।

विशेष महाधिवेशनका लागि कांग्रेसले यसअघि नै हल बुक गरिसकेको छ । मंगलबारमात्र यसका लागि विभिन्न १८ उपसमिति गठन भइसकेको तयारी समितिले जानकारी दिएको छ । यसका लागि पूर्वजिल्ला सभापति, पूर्वकेन्द्रीय सदस्य समन्वय समिति, जनपरिचालन जुलुस व्यवस्थापन समिति, व्यवस्थापन समिति, प्रदेश सांसद समन्वय समिति, पूर्वसांसद समन्वय समिति गठन गरिएको छ ।

क्रमशः पृष्ठ २ मा

### चुनावी भेलामा रूपान्तरण गराउने प्रयासमा शेखर



संस्थापनइतरका नेता डा. शेखर कोइरालामहामन्त्रीद्वयले आयोजना गर्न लागेको विशेष महाधिवेशनलाई चुनावी भेलाका रूपमा परिवर्तन गराउने प्रयासमा लागेका छन् । मंगलबारमात्र कोइरालासँग संस्थापन पक्षका २५ केन्द्रीय सदस्यले विशालनगरस्थित उनको सचिवालयमा भेटेका थिए ।

भेटमा महामन्त्रीद्वयको मागलाई सम्बोधन गर्न मध्यमार्गी बाटो खोजिदिन आग्रह गरिएको कांग्रेस केन्द्रीय सदस्य राजेन्द्र केसीले बताए । 'विशेष महाधिवेशन मागकर्तालाई कसरी हुन्छ सम्बोधन गर्नेगरी अघि बढ्नुपर्छ,' केसीले भने ।

क्रमशः पृष्ठ २ मा

# राष्ट्रिय सभा निर्वाचनमा चार दलीय 'महागठबन्धन'

## कांग्रेस र एमालेले सात-सात, नेकपाले तीन र जसपा नेपालले एक सिट लिने

- कांग्रेस, एमाले, नेकपा र जसपा नेपालबीच तालमेल गर्ने सहमति
- सिट बाँडफाँट टुंगो, प्राविधिक पक्ष मिलाउन बाँकी
- ११ माघमा हुने निर्वाचनमा मुख्य चार दलबीच गठबन्धन हुँदा निर्वाचन प्रतिस्पर्धीविहीन बन्ने संकेत





मोटामोटी सिटबारे टुंगो त लाग्यो तर क्लस्टर र कुन दलबाट कहाँ भन्ने विषय मिलाउन बाँकी छ, यी प्राविधिक विषय मिलाएर उम्मेदवारी दर्तामा जान्छौं ।

■ **मनिष सुमन**
प्रवक्ता, जसपा नेपाल



यथाशक्य छिटो सबै विषय टुंगोमा पुऱ्याउने र उम्मेदवारी दर्ता गराउने तयारीमा छौं ।

■ **नारायणकाजी श्रेष्ठ**
नेता, नेकपा

■ जेबी योञ्जन

**काठमाडौं–** आगामी माघमा ११ गते हुने राष्ट्रिय सभा निर्वाचनमा चार राजनीतिक दलबीच गठबन्धन गर्ने सहमति भएको छ । १८ सिटका लागि हुने निर्वाचनमा नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) र जनता समाजवादी पार्टी (जसपा) नेपालबीच चुनावी गठबन्धन गर्ने सहमति बनेको हो ।

यो सहमतिले विघटित प्रतिनिधिसभाको पहिलो, दोस्रो, तेस्रो र सातौं ठूलो दललाई एक ठाउँ ल्याएको छ । यससँगै राष्ट्रिय सभा निर्वाचन प्रतिस्पर्धीविहीनजस्तै बन्ने देखिएको छ । यी चार दल सिट बाँडफाँट गरेर एक ठाउँ आउँदा देशको सातवटै प्रदेशमा अन्य दलका उम्मेदवारहरूले जित्ने सम्भावना रहँदैन । किनभने, प्रतिस्पर्धी दलहरू अत्यन्तै कमजोर छन् ।

राष्ट्रिय प्रजातन्त्र पार्टी, जनमत पार्टी, अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र नेपाल मजदुर किसान पार्टी प्रतिस्पर्धी दल हुन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को स्थानीय र प्रदेश संसद्मा प्रतिनिधित्व छैन । यस्तोमा प्रतिस्पर्धी दलहरू कांग्रेस, एमाले, नेकपा र जसपा नेपाल राष्ट्रिय सभा निर्वाचनमा एकताबद्ध भएका हुन् । यसको अगुवाइ कांग्रेसले गरेको हो । कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्का र नेता रमेश लेखकले एमाले र नेकपाका नेताहरूसँग पालैपालो छलफल गरे । पछि जसपा नेपाल पनि छलफल जोडियो । अन्ततः राष्ट्रिय सभामा चार दलीय गठबन्धन बनेको हो ।

जसपा नेपालका प्रवक्ता मनिष सुमन जेन-जी विद्रोहपछिको परिस्थितिमा संघीय लोकतान्त्रिक गणतन्त्रपक्षधर शक्तिहरू एक ठाउँमा उभिनुपर्ने परिस्थिति निर्माण भएको र त्यसकै उपज गठबन्धन बनेको बताए । तर, सिटबारे केही प्राविधिक विषय टुंगिन बाँकी रहेको र आज उम्मेदवारी दर्ताअघि नै टुंगो लगाइने उनले बताए । 'मोटामोटी सिटबारे टुंगो त लाग्यो तर क्लस्टर र कुन दलबाट को कहाँ भन्ने विषय मिलाउन बाँकी छ, यी प्राविधिक विषय मिलाएर उम्मेदवारी दर्तामा जान्छौं,' प्रवक्ता सुमनले प्रभावसँग भने ।

उनका अनुसार राष्ट्रिय सभाको १८ सिटमा कांग्रेस र एमालेले समान सात-सात सिट, नेकपाले तीन र जसपाले एक सिट पाउने सहमति भएको छ । पार्टी 'स्ट्रेन्थ'अनुसार कांग्रेसले आठ सिटमा दाबी गरेको थियो । नेकपा अध्यक्ष दाहालले पनि नेकपा एकीकृत समाजवादीसहितका अन्य दलहरू सम्मिलित पार्टीको नेतृत्वमा रहेका कारण आफ्नो दलको स्ट्रेन्थ बढेको तर्क गरेका थिए । यसपछि कांग्रेसले सात र नेकपाले तीन सिटमा चित्त बुझाउनुपऱ्यो । एमाले अध्यक्ष केपी शर्मा ओलीले भने राष्ट्रिय सभामा एमाले कमजोर भएको भन्दै सातभन्दा तल झर्न नसकिने अडान लिएका थिए । सिट संख्याबारे सल्लाह गर्न सोमबार कांग्रेस कार्यवाहक सभापति खड्का र नेता लेखक ओलीनिवास गुण्डु पुगेका थिए ।

यसरी कांग्रेसको अगुवाइमा चार दलीय गठबन्धन बन्यो र सिट बाँडफाँट गऱ्यो । दलहरूले कुन प्रदेशमा कुन 'क्लस्टर' बाँडफाँट गर्ने भन्नेचाहिँ टुंगो लाग्न बाँकी छ । बाँडफाँट टुंगो लगाएपछि आजै उम्मेदवारी दर्ता गराउने नेकपाका नेता नारायणकाजी श्रेष्ठले बताए । 'यथाशक्य छिटो सबै विषय टुंगोमा पुऱ्याउने र उम्मेदवारी दर्ता गराउने तयारीमा छौं,' श्रेष्ठले भने । राष्ट्रिय सभाका कोशी र लुम्बिनी प्रदेशबाट तीन-तीन जना, मधेस प्रदेशबाट चार जना, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट दुई-दुई जना गरी १८ जना सदस्यका लागि निर्वाचन हुँदै छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# वैदेशिक रोजगारीको बहानामा व्यक्तिगत ठगी नियन्त्रणबाहिर

## सामाजिक सञ्जालमार्फत फैलिँदै ठगीको जालो, विभागमा उजुरीको चाङ



विभागमा पर्ने सबैजसो उजुरी व्यक्तिगत ठगीका हुन् । यसको नियन्त्रणमा सरकारले केही गर्न सकेको छैन । व्यक्तिगतरूपमा जानेलाई तत्काल रोक्नुपर्छ । त्यसो भयो भने श्रमिकहरु सुरक्षितसँग राज्यले खुला गरेका जुनसुकै मुलुक जान सक्छन् ।

■ **भुवनसिंह गुरुङ**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



ठगी नियन्त्रण विभागले मात्र गर्न सक्दैन । राज्यका सबै तहमा रोजगारी सिर्जना गरिदिनुपऱ्यो । उद्यमशीलता विकास गर्नुपऱ्यो । सीप सिकाउनुपऱ्यो । शिक्षा दिनेले देशमै केही गरौं भन्ने शिक्षा दिनपऱ्यो । अभिभावक र समाजले पनि त्यसलाई स्वीकार गर्नपऱ्यो । समाजको हरेक क्षेत्रमा यो जागरूकता आवश्यक छ ।

■ **चन्द्रबहादुर सिवाकोटी**
उपमहानिर्देशक, वैदेशिक रोजगार विभाग

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगारीका नाममा बढ्दो ठगी नियन्त्रण चुनौतीपूर्ण देखिएको छ । वैदेशिक रोजगार विभागमा व्यक्तिगत ठगीका उजुरी निरन्तर बढेसँगै यसको नियन्त्रणमा चुनौती देखिएको हो ।

विभागका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पाँच महिनामा तीन हजार ९१ वटा व्यक्तिगत ठगीका उजुरी परेका छन् । हरेक महिना सयौंको संख्यामा युवाहरू आकर्षक श्रम गन्तव्य पुग्ने आश्वासनमा ठगीमा पर्दै आएका छन् ।

पछिल्लो समय विशेषगरी युरोप पठाउने नाममा फेसबुक, टिकटक, ह्वाट्एप्सलगायतका सामाजिक सञ्जालमार्फत युवाहरू ठगिनेक्रम बढेको पाइएको छ । अघिल्लो वर्षबाट बढ्न थालेका यस्ता घटना नियन्त्रण हुन सकेको छैन । चालु आवको साउनदेखि मंसिरसम्मको तथ्यांक हेर्दा प्रत्येक महिना औसतमा ६०० जना ठगीमा परेको देखिएको छ । सरकारले विभिन्न सूचनामार्फत सामाजिक सञ्जालका विज्ञापनमा विश्वास नगर्न भन्दै आएको छ । तर त्यो निस्प्रभावी देखिएको छ । कतिपय जानकारीको अभावमा ठगिँदै आएका छन् भने कति भने सजग हुँदाहुँदै पनि फस्ने गरेको देखिन्छ । विभागमा उजुरी दर्ता गराउन आएका एक पीडितले आफूलाई ठगीबारे राम्रोसँग थाहा हुँदाहुँदै पनि समस्यामा परेको सुनाए ।

'न्युजिल्याण्ड पठाइदिन्छु भनेर चार लाख पैसा माग्यो सुरुमा, त्यो एक हप्ता अगाडि बुझाएँ । अहिले मान्छे कहाँ भाग्यो कहाँ । म र अर्को साथीले चार-चार लाख बुझाएका थियौं,' उनले प्रभावसँग भने, 'फेरि म आफैं प्रेसको मान्छे हो । यस्तो हुनसक्छ भन्ने थाहा नभएको पनि होइन । दलालहरूले कतिबेला ठग्छन् थाहा नहुने रहेछ । न्युजिल्याण्ड पुगिएला भनेको प्रहरी र विभाग धाउनपर्ने बनायो ।'


पछिल्लो पाँच महिनामा व्यक्तिगत श्रम स्वीकृति लिएर ५४ हजार ७०२ जना विदेसिएका छन् । जसमा ४१ हजार १८२ जना पुरुष र १३ हजार ५२० जना महिला छन् । कोरोना महामारीयता व्यक्तिगत श्रम स्वीकृति लिएर विदेसिने बढेसँगै ठगीमा पर्नेहरू पनि बढेका छन् ।

आव २०७५/७६ मा नौ हजार १०३ र आव २०७६/७७ मा नौ हजार ६७३ जनामात्र व्यक्तिगतरूपमा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका थिए । जबकि, चालु आवको मंसिर महिनामा मात्रै १० हजार २२६ जनाले व्यक्तिगत श्रम स्वीकृति लिएका छन् । उनीहरू खाडीका संयुक्त अरब इमिरेट्स (युएई), कतारदेखि उदयीमान श्रम गन्तव्यहरू जापान, माल्टा, टर्की, क्रोएसिया, मरिसस, सर्बियालगायतका मुलुक गएका हुन् ।

क्रमशः पृष्ठ २ मा

# ब्रिटिस स्कुलको सञ्चालक समितिमा विदेशी नागरिक

## भिसाको उद्देश्यविपरीत काम गरेको विषयमा छानबिन गर्दै अध्यागमन विभाग



यस विषयमा गुनासो र लिखित उजुरी प्राप्त भएको छ । हामीले यसलाई गम्भीरतापूर्वक लिएर अनुसन्धान अघि बढाएका छौं । अनुसन्धान प्रतिवेदन आएपछि कानुनबमोजिम आवश्यक प्रक्रिया र कारबाही अघि बढाइने छ ।

■ **टीकाराम ढकाल**
प्रवक्ता, अध्यागमन विभाग




- पर्यटक तथा 'डिपेण्डेण्ट' भिसामा नेपाल आएका विदेशी नागरिक 'द ब्रिटिस स्कुल' को सञ्चालक समितिमा उद्देश्यविपरीत काम गरिरहेको उजुरी विभागमा
- नेपालको कानुनलाई चुनौती दिँदै विदेशी नागरिकहरूले भिसाको
- नेदरल्याण्डका विल्को नानो ब्राम, बेलायतकी क्यारन आर्लिन बसु रे र अमेरिकाका सन्तोष श्रेष्ठमाथि गैरकानुनीरूपमा काम गरेको आरोप

■ प्रभाव संवाददाता

**पाटन (ललितपुर)–** पर्यटक तथा 'डिपेण्डेण्ट' भिसामा नेपाल आएका विदेशी नागरिक जावलाखेलमा रहेको 'द ब्रिटिस स्कुल' को सञ्चालक समितिमा रहेको खुलेको छ । विदेशी नागरिक भिसाको उद्देश्यविपरीत स्कुल सञ्चालक समितिमा रहेको विषयमा अध्यागमन विभागले छानबिन गरिरहेको जानकारी प्राप्त भएको छ ।

विभागका निर्देशक एवं प्रवक्ता टीकाराम ढकालले पर्यटक तथा डिपेण्डेण्ट भिसामा नेपाल आएका विदेशीहरू द ब्रिटिस स्कुलको सञ्चालक समितिमा रहेको तथ्यसहित विभागमा उजुरी परेपछि विभागले छानबिन गरिरहेको पुष्टि गरे । शिक्षा मन्त्रालयसँग समन्वय गरेर छानबिन गरिरहेको उनले बताए ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### राष्ट्रिय सभा...

५९ सदस्यीय राष्ट्रिय सभामा अहिले नेकपा सबैभन्दा ठूलो दल हो । यो दलका २७ जना (राष्ट्रपतिबाट मनोनीतसहित) सांसद छन् । कांग्रेसका १६, एमालेका (राष्ट्रपतिबाट मनोनीतसहित) ११, जसपाका चार र राष्ट्रिय जनमोर्चाका एक जना सांसद छन् ।

तर, एक जना राष्ट्रपतिबाट मनोनीतसहित १९ जनाको पदावधि सकिन लागेको छ । उनीहरूको पदावधि सकिने आगामी २१ फागुनमा हो । त्यसरी कार्यकाल सकिन लागेका राष्ट्रिय सभाका सदस्यमा एमालेका आठ, मनोनीत वामदेम गौतमसहित नेकपाका नौ र जसपाका दुई जना छन् । कांग्रेसका कोही पनि सांसदको पदावधि सकिन लागेको छैन, यसले सात सिट कांग्रेसका लागि 'बोनस' बन्ने भएको छ । सोही दल राष्ट्रिय सभाको पहिलो दल पनि हुन सक्ने भएको छ ।

राष्ट्रिय सभा निर्वाचनमा प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारी मतदाता हुन्छन् । प्रदेशसभा सदस्यको मतभार ५३ र स्थानीय तहका पदाधिकारीको मतभार १९ छ । एक्लाएक्लै चुनाव लड्दा कोशीमा एमाले र बाँकी छ प्रदेशमा कांग्रेसको मतभार धेरै छ । कांग्रेस, एमाले, नेकपा र जसपा नेपालले गठबन्धन गरी उम्मेदवारी दर्ता गर्दा निर्विरोध निर्वाचित हुने सम्भावना रहेको छ ।

■■■

### विशेष...

यसैगरी मञ्च व्यवस्थापन समिति, स्वयंसेवक परिचालन समिति, यातायात व्यवस्थापन समिति, आवास तथा खाना व्यवस्थापन समिति, सूचना तथा प्रचारप्रसार समिति, जिल्ला सम्पर्क समिति, भ्रातृ तथा शुभेच्छुक संस्था समन्वय समिति, जनसम्पर्क समन्वय समिति गठन गरिएको छ ।

यसैगरी स्थानीय तह समन्वय समिति, स्वास्थ्य शिविर समन्वय समिति, सांस्कृतिक कार्यक्रम तयारी समिति, जेन-जी युवा परिचालन समिति र जिल्ला क्षेत्र फोकल पर्सन समन्वय समितिसमेत गठन गरिएको छ । विशेष महाधिवेशन पक्षधरले शान्ति सुरक्षाको माग गर्दै काठमाडौंका प्रमुख जिल्ला अधिकारीलाई पत्र लेखेको छ । दोस्रो विशेष महाधिवेशन सचिवालयकातर्फबाट मनोजमणि आचार्यले शान्ति सुरक्षाको व्यवस्थापनका लागि मंगलबार प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलसमक्ष आग्रह गरेका हुन् ।

#### पार्टी फुट्ने दाबी

विशेष महाधिवेशनसँगै कांग्रेस फुट्ने अनुमान धेरैले गरेका छन् । यसैले संस्थापनपक्ष यो महाविधेशन जसरी पनि रोक्न लागिपरेको छ । तर कांग्रेस केन्द्रीय सदस्य शिवाकोटी यो महाविधेशनले पार्टी नफुट्ने बताउँछन् । 'यो महाधिवेशन परिवर्तनको आवाजलाई सम्बोधन गर्न हो । यसले पार्टी फुट्दैन,' शिवाकोटीले भने । महामन्त्री थापाले पनि महाधिवेशनबाट पार्टी कुनै हालतमा नफुट्ने बताउँदै आएका छन् ।

■■■

### चुनावी भेलामा...

यो समूह निर्वाचनअघि नियमित महाधिवेशन हुनुपर्ने माग अघि सार्दै आएको संस्थापन समूह हो । केसीसँगै यो समूहमा आङ्गेलु शेर्पा, पुष्पा भुसाललगायत सहभागी थिए । जवाफमा नेता कोइरालाले केन्द्रीय समितिको निर्णय गरेरमात्र विशेष महाधिवेशन बोलाउनुपर्ने बताएका थिए । यसका लागि निर्वाचनको तयारी सकेर माघ ६ गते विशेष महाधिवेशन गर्न सकिने कोइरालाले बताएका थिए ।

'सबैको मनोभावना सम्बोधन हुनेगरी केन्द्रीय समितिले विशेष महाधिवेशन डाक्दा सबैलाई मान्य हुन्छ । यसमा म पनि लागिपरेको छु,' कोइरालाले भने, 'यसैले माघ ६ गतेपछि विशेष महाधिवेशन बोलाउँदा ठीक हुन्छ ।'

कांग्रेस केन्द्र भने विशेष महाधिवेशन रोक्न लागिपरेको छ । सोमबारमात्र कांग्रेसले सबै तहलाई परिपत्र जारी गर्दै विशेष महाधिवेशनको औचित्य मंसिर १५ गते नै सकेको भन्दै निर्वाचनमा ध्यान दिन निर्देशन दिएको छ । मंगलबार पनि सभापति शेरबहादुर देउवाले आफ्नो निवास महाराजगञ्जमा शीर्ष नेताहरूसँग यसबारे छलफल गरेका थिए । संस्थापनपक्षका नेताहरू विशेष महाधिवेशनलाई चुनावी भेला वा घोषणासभामा परिणत गराउने प्रयास गरिरहेका छन् ।

■■■

### वैदेशिक...

वैदेशिक रोजगार ऐन, २०६८ अनुसार वैदेशिक रोजगारीमा जान खुला रहेका मुलुकहरूमा मात्र इजाजत प्राप्त संस्था (म्यानपावर कम्पनी)मार्फत रोजगारीमा जान पाइन्छ । सरकारले विश्वका ११० वटा मुलुकमा संस्थागत माध्यमबाट रोजगारीमा पठाउनसक्ने व्यवस्था गरेको छ । तर इजाजतप्राप्त संस्थाले १५ वटा मुलुक पनि कामदार पठाउन पाएका छैनन् । व्यक्तिगत श्रम स्वीकृति लिएर प्रत्येक महिना ८० वटाभन्दा बढी मुलुकमा नेपाली श्रमिक गएको तथ्यांक छ ।

युरोपका आकर्षक गन्तव्यमा सरकारले मागपत्र प्रमाणीकरण नगरिदिँदा समस्या बढेको व्यवसायीहरूले बताउँदै आएका छन् । गैरकानुनीरूपमा रोजगारीमा गइरहँदा पनि सरकार भने मुकदर्शक भएर बसेको वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङ बताउँछन् । 'विभागमा पर्ने सबैजसो उजुरी व्यक्तिगत ठगीका हुन् । सरकारले केही गर्न सकेको छैन,' उनले भने, 'व्यक्तिगतरूपमा जानेलाई तत्काल रोक्नुपर्छ । त्यसो भयो भने श्रमिकहरू सुरक्षितसँग राज्यले खुला गरेका जुनसुकै मुलुक जान सक्छन् ।'

#### 'विभागको प्रयासबाट मात्रै नियन्त्रण असम्भव'

वैदेशिक रोजगार विभागका उपमहानिर्देशक चन्द्रबहादुर सिवाकोटी विभागको प्रयासले मात्र ठगी नियन्त्रण सम्भव नहुने बताउँछन् । अहिले युरोप त स्वर्ग नै हो भन्ने मानसिकता हावी भएकाले समस्या बढ्दो क्रममा रहेको उनको भनाइ छ । उपमहानिर्देशक सिवाकोटीले युवाहरू वैदेशिक रोजगारीमा आकर्षित हुनुमा विभिन्न पक्षको भूमिका रहेकाले हरेक क्षेत्रमा जागरुकता आवश्यक रहेकोमा जोड दिए ।

'यसको नियन्त्रण विभागले मात्र गर्न सक्दैन । राज्यका सबै तहमा रोजगारी सिर्जना गरिदिनुपर्‍यो । उद्यमशीलता विकास गराउनेले गरिदिनुपर्‍यो । सीप सिकाउनेले सीप दिनपर्‍यो,' उनले भने, 'शिक्षा दिनेले पनि देशमै केही गरौं भन्ने शिक्षा दिनपर्‍यो । अभिभावक र समाजले पनि त्यसलाई स्वीकार गर्नपर्‍यो । यसलाई न्यूनीकरण गर्न समाजको हरेक क्षेत्रमा यो जागरुकता आवश्यक छ ।'

■■■

### ब्रिटिस स्कुलको...

'नेपालको कानुनलाई चुनौती दिँदै विदेशी नागरिकहरूले भिसाको उद्देश्यविपरीत काम गरिरहेको भन्ने उजुरी प्राप्त भएको थियो, उजुरी प्राप्त भएपछि हामीले शिक्षा मन्त्रालयसँग पनि जानकारी लिइरहेका छौं,' प्रवक्ता ढकालले भने ।

पर्यटक तथा 'डिपेण्डेण्ट' भिसामा नेपाल आएका विदेशीहरूले विद्यालयको सञ्चालक समितिमा रहेर प्रशासनिक र नीतिगत हस्तक्षेप गरिरहेको भन्दै अध्यागमन विभागमा गत कात्तिक २० गते विभागमा उजुरी दर्ता भएको उनले जानकारी दिए । विभागमा दर्ता भएको उजुरीमा नेपालको अध्यागमन कानुनको बर्खिलाप गर्दै विद्यालयको प्रशासनिक गतिविधि र निर्णय प्रक्रियामा विदेशी हाबी भएको दाबी गरिएको छ । 'यस विषयमा गुनासो र लिखित उजुरी प्राप्त भएको छ । हामीले यसलाई गम्भीरतापूर्वक लिएर अनुसन्धान अघि बढाएका छौं । अनुसन्धान प्रतिवेदन आएपछि कानुनबमोजिम आवश्यक प्रक्रिया र कारबाही अघि बढाइने छ,' प्रवक्ता ढकालले भने ।

उजुरीमा उल्लेख भएअनुसार नेदरल्याण्डका विल्को नानो ब्राम, बेलायतकी क्यारन आर्लिन बसु रे र अमेरिकाका सन्तोष श्रेष्ठमाथि गैरकानुनीरूपमा काम गरेको आरोप छ । यी तीनै जना विदेशी नागरिक पर्यटक वा परिवारजनको भिसामा नेपाल बसेर विद्यालयको सञ्चालक समिति (बोर्ड अफ गभर्नर्स)मा रहेर विद्यालयको नीति निर्माण गर्ने र प्रशासनिक निर्णयहरूमा प्रत्यक्ष संलग्न भइरहेको उजुरीमा उल्लेख छ ।

नेपालको अध्यागमन ऐन, २०४९ र अध्यागमन नियमावली, २०५१ को नियम २० ले पर्यटक वा नाता सम्बन्धका आधारमा (डिपेण्डेण्ट) भिसा लिएका विदेशीलाई नेपालमा कुनै पनि प्रकारको उद्योग, व्यापार, व्यवसाय वा संस्थामा काम गर्न स्पष्ट बन्देज लगाएको छ । काम गर्नका लागि श्रम स्वीकृति र सोहीअनुसारको भिसा अनिवार्य हुन्छ । तर, ब्रिटिस स्कुलमा संलग्न यी विदेशीहरूले 'आवासमात्र रहने' अनुमति लिएर विद्यालय सञ्चालनमा सक्रिय भूमिका खेलिरहेको पाइएको उजुरी भनिएको छ । उनीहरूले नियमावलीको नियम १९ अनुसार छ महिनाभन्दा बढी बस्दा गर्नुपर्ने ठेगाना दर्ता, परिवर्तनको सूचना र १२० दिनभन्दा बढी बस्दा स्थानीय प्रहरीमा उपस्थित हुनुपर्ने कानुनी प्रावधानसमेत पालना नगरेको आशंका रहेको उजुरीमा उल्लेख गरिएको छ ।

यस प्रकरणलाई सामान्य भिसा दुरूपयोगका रूपमामात्र नभई राज्यको कानुनी व्यवस्था र स्वाधीनतामाथिको चुनौतीका रूपमा हेरिएको छ । उजुरीकर्ताले दाबी गरेअनुसार विदेशी नागरिकले नेपालको आन्तरिक संस्थागत निर्णय प्रक्रियामा प्रमुख वा हस्तक्षेपकारी भूमिकामा रहनु राष्ट्रिय स्वाभिमान र श्रमसम्बन्धी कानुनको उल्लंघन हो । यस्तो प्रवृत्तिले राष्ट्रिय निर्णय प्रक्रियामा नेपाली नागरिकको भूमिका कमजोर पार्ने र विदेशी हस्तक्षेप बढाउने जोखिम निम्त्याएको दाबी गरिएको छ । उजुरीमा कानुन मिच्ने विदेशी नागरिकमाथि तत्काल छानबिन गर्न, भिसा दुरूपयोगको अभियोगमा कारबाही गर्न र यस्ता गतिविधि दोहोरिन नदिन निगरानी बढाउन माग गरिएको छ ।


**प्रमाणपत्र हराएको सूचना**

मिति २०८२/०९/०७ गते सतुङ्गलदेखि त्रिपुरेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको प्रमाणपत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

नाम : Sujan Shakya
कलेज नाम : United Academy H.S. School
ठेगाना : Kumaripati, Lalitpur, Nepal
रजिष्ट्रेशन नं. 642511623
सिम्बोल नं. 971080
Migration Serial Number : M0258357
Date of Issue : 2065/08/08 B.S. (2008/11/23 A.D.)
फोन : 9841471688


# खोटाङमा एक लाख ४७ हजार १२० मतदाता कायम

**खोटाङ (प्रस)**– आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि खोटाङमा एक लाख ४७ हजार १२० जना मतदाता कायम भएका छन् । १० स्थानीय तह रहेको जिल्लामा पुरुष ७७ हजार ६५६ र महिला ६९ हजार ४६४ जना मतदाता कायम भएका हुन् ।

जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकामा ३५ हजार ७६० जना मतदाता छन् भने सबैभन्दा कम साकेला गाउँपालिकामा आठ हजार ६४५ मतदाता रहेका जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी रविन मगरले जानकारी दिए ।

जिल्लामा यसअघि कायम भएका एक लाख ४४ हजार ४२९ जना मतदातामध्ये ८१० जनाले अन्तर जिल्ला मतदान केन्द्र कायम गरेका निर्वाचन अधिकारी मगरले जानकारी दिए । उनका अनुसार नयाँ मतदाता नामावली दर्ता गर्ने तथा पुरानाको अद्यावधिक गर्दा जिल्लामा यसअघि कायम भएकामा थप एक हजार ८८१ जना नयाँ मतदाता थपिएको छन् ।

प्रतिनिधिसभातर्फ एउटामात्र निर्वाचन क्षेत्र रहेको खोटाङमा आगामी फागुन २१ गते हुने निर्वाचनका लागि १३६ वटा मतदानस्थल तथा १९५ वटा मतदान केन्द्र निर्धारण गरिएको छ । दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा आगामी निर्वाचनका लागि संघीय सरकारले मुख्य निर्वाचन अधिकृतसमेत खटाइसकेको छ ।


**युएइ/मलेसियामा रोजगार** कम्पनी : SOLIDARITY BUILDING MAINTENANCE AND CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ LT. No. 330156 चलानी नं. ६०२४३९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 43 | 0 | 1000 | ३९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : SIERRA ALFA SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०३/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ LT. No. 326357 चलानी नं. ६०२४०२७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 29 | 0 | 1700 | ६०,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC 1675/080/81
STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



**साउदीमा रोजगार** कम्पनी : AL QARYAN GROUP

पूर्व स्वीकृति मिति : २०८२/०९/२२ LT. No. 336694 चलानी नं. ६०२५०२५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 15 | 0 | 1000 | ३८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**बहराइनमा रोजगार** कम्पनी : INTERLOCK MAINTENANCE CONSTRUCTION WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/२२ LT. No. 336659 चलानी नं. ६०२५०२३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 15 | 0 | 100 | ३८,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Shuttering Carpenter | 4 | 0 | 120 | ४५,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम इजाजत नं. १७२०/०८१/०८२



**साउदीमा रोजगार** कम्पनी : NAWADER AL-SAYH FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०९/१८ LT. No. 336602 चलानी नं. ६०२५०२२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load, off Load Worker | 2 | 0 | 1400 | ५३,६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. 283/058/59
FUSION INTERNATIONAL PVT. LTD.
Panchakumari Marga, New Baneshwor, Kathmandu, Nepal
Contact No. + 977-1-4565326, + 977 9805672246, E-mail : fusioninternational2002@gmail.com



**साउदीमा रोजगार** कम्पनी : MOHAMMED AHMED MOHAMMED BIN TURKI TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ LT. No. 330034 चलानी नं.६०२३७७२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | ३८,३४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**युएइमा रोजगार** कम्पनी : STARFORCE LABOUR SUPPLY LLC

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ LT. No. 336194 चलानी नं. ६०२५०२३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Baker/pastryman | 10 | 0 | 1200 | ४६,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Carpenter | 10 | 0 | 1200 | ४६,९९० | | | | | | | |
| 3. | Assistant Reinforce Fitter | 10 | 0 | 1200 | ४६,९९० | | | | | | | |
| 4. | Assistant Stone Mason | 10 | 0 | 1200 | ४६,९९० | | | | | | | |
| 5. | Labour | 10 | 0 | 1200 | ४६,९९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. २६७/०५८/०५९
ARANIKO OVERSEAS PVT. LTD.
Kupondole, Kandevthasthan, Lalitpur, Nepal, Tel: +977 5010657/5010658, Mob: +977-9709080607/ +977-9709073655/ +977-9709080637/ +977-9709080617/ +977-9851110257, Email: overseasaraniko@gmail.com, Web: aranikooverseas.com



**युएइमा रोजगार** कम्पनी : SEVENHORSES TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ LT. No. 336256 चलानी नं. ६०२५०२२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 51 | 0 | 1200 | ४६,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803960700, 9843361254, 9849744429 9817554717,9841144866, 9847016713, Email: bonmanpower1@gmail.com
श्रम इजाजत नं. 1514/074/075



**SudurPaschim Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Infrastructure Development Office Sanfebagar, Achham**

**Letter of Intent**

**Date: 2082/09/23 (07-Jan-2026)**

This is to notify all the concerned bidders in accordance with clause 27(2) & 47 of PPA, 2063 and the instruction to bidders that it is our intention to award the following contract as recommended by Bid Evaluation Committee is hereby selected as lowest evaluated substantially responsive bid.

| Contract Identification No: | Name Of Project | Lowest evaluated substantially responsive Bidder | Bid Price (Including PS & VAT) |
|---|---|---|---|
| IDO/ACHM/NCB/ W/R/2082/83-32 | Upgrading and Construction of Rinegadaa Gairaa Haadsain Thaatikhaand Sadak, Mangalsen Municipality, Achham | Bhagawan nirman sewa kamalbazar mun 10 | NRS. 2,482,507.30 |
| IDO/ACHM/NCB/ W/R/2082/83-33 | Upgrading and Construction of Mangalsen Jhupu Baldanda Ramaroshan Sadak, Mangalsen Municipality Achham | Padmaratna Construction and Consultants Pvt. Ltd, Kamalbazar-05 | NRS. 4,617,419.07 |
| IDO/ACHM/NCB/ W/R/2082/83-34 | Upgrading and Construction of Kuskaatiyaa Dekhi khulikholaa samma Sadak, Mangalsen Municipality, Achham | Purna Devi Nirman Sewa Mangalsen-5 | NRS. 1,608,986.01 |
| IDO/ACHM/NCB/ W/R/2082/83-35 | Upgrading and Construction of Balsain Oligaaun Bannaatoli Rol Sadak, Mangalsen Municipality, Achham | Purna Devi Nirman Mangalsen-5 Achham | NRS. 3,773,294.25 |
| IDO/ACHM/NCB/ W/R/2082/83-36 | Upgrading and Construction of Amarsein-Nuwaaghar, Kuikaagaad,Sanaakot , Barpipal, Mansain Sadak, Panchdewal Binayak Municipality, Achham | Bhagawan nirman sewa kamalbazar mun 10 | NRS. 1,591,470.38 |
| IDO/ACHM/NCB/ W/R/2082/83-37 | Upgrading And Construction of Himali ga.pa. Kendra Dekhi Phaitiborta Sadak Nirman, Bajura. | Khapardev Construction and Suppliers, Badimalika-06, Korda, Bajura | NRS. 12,19,535.94 |
| IDO/ACHM/NCB/ W/R/2082/83-38 | New Cutting of Kalikot Laiphu Kailash Ma.Vi. Dhadakot Sadak Nirman,Jagannath Ga.Pa. ,Bajura. | Surya Nirman Sewa and Order Suppliers, Badalkot-02, Kalikot | NRS. 16,76,802.42 |
| IDO/ACHM/NCB/ W/R/2082/83-39 | New Cutting of Kyudikot Natikhola Deusain Sadak Nirman, Himali, Bajura. | Barjukot Construction and Suppliers Group Pvt. Ltd., Budhiganga-05-Bajura | NRS. 18,05,019.00 |
| IDO/ACHM/NCB/ W/R/2082/83-40 | Upgrading And Construction of Kawadi Bichchhaya Hilsa Sadak Nirman,Himali,Bajura. | Jeshish Construction, Swamikartik-05, Budhinanda-01, Bajura | NRS. 13,24,601.31 |
| IDO/ACHM/NCB/ W/R/2082/83-41 | Upgrading and Construction of Lamalwada-Khoyadaya-piluchaur- Sadak Nirman, Bajura. | Divyashwori Nirman Sewa, Budhinanda-02, Bajura | NRS. 21,89,360.17 |
| IDO/ACHM/NCB/ W/R/2082/83-42 | New Cutting of Muguko Jhugala Dekhi Jera-Wai-Suijiula-Sappata Hudai Kalikot Sadaka Nirman, Bajura. | Bhismaraj Construction and Suppliers, Khatyat Mugu | NRS. 24,33,572.24 |
| IDO/ACHM/NCB/ W/R/2082/83-43 | New Cutting of Porkhe-Diuda-Badimalika Sadaka, -09 &-10, Bajura. | Bikash Construction and Order Suppliers, Khaptad Chhededaha-07, Bajura | NRS. 12,60,123.13 |

**Senior Divisional Engineer**

# कोशी प्रदेशमा फेरिए मन्त्री

**मोरङ (प्रस)–** कोशी प्रदेशको मन्त्रिपरिषद् हेरफेर भएको छ । प्रदेश प्रमुख पर्शुराम खापुङले कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको सिफारिसमा मंगलबार प्रदेशको मन्त्रिपरिषद् हेरफेर गरेका हुन् ।

प्रदेश प्रमुख खापुङले नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मुख्यमन्त्री कार्कीको नेतृत्वमा मिति २०८१ वैशाख २७ मा गठित मौजुदा मन्त्रिपरिषद्मा नियुक्ति, हेरेफेर र कार्यविभाजन विस्तार गरी नवनियुक्त मन्त्रीहरूलाई पद तथा गोपनीयताको शपथ गराएका छन् ।



नवनियुक्त मन्त्रीहरूमा प्रदीपकुमार सुनुवार भौतिक पूर्वाधार विकास मन्त्रालय, भीम पराजुली पर्यटन, वन तथा वातावरण मन्त्रालय, तिलचन पाठक खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय, इन्द्रमणि पराजुली आन्तरिक मामिला तथा कानुन मन्त्रालय, विदुरकुमार लिंथेप आर्थिक मामिला तथा योजना मन्त्रालय, रामप्रसाद महतो सामाजिक विकास मन्त्रालय, मानबहादुर लिम्बू स्वास्थ्य मन्त्रालय र इस्राइल मन्सुरी उद्योग, कृषि तथा सहकारी मन्त्रालयको मन्त्रीमा नियुक्त भएका छन् । त्यसैगरी शोभा चेम्जोङ भौतिक पूर्वाधार विकास राज्यमन्त्री र उमाकान्त गौतम आन्तरिक मामिला तथा कानुन राज्यमन्त्री रहेको प्रदेश प्रमुख कार्यालयले जानकारी दिएको छ ।

# स्वास्थ्य व्यवसायी परिषद् ऐन संशोधनको माग

**काठमाडौं (प्रस)–** नेपाल डेण्टल साइन्स हाइजेनिस्ट एसोसिएसन, नेपाल जनस्वास्थ्य संघ, मेडिकल ल्याबोरेटरी एसोसिएसन अफ नेपाल, नेपाल सिएमए संघ र हेल्थ असिस्टेन्ट संघले मंगलबार स्वास्थ्य व्यवसायी परिषद् ऐन संशोधनको माग गर्दै ज्ञापनपत्र बुझाएका छन् ।

ती संस्थाले परिषद् स्थापना भएको २७ वर्षसम्म ऐन संशोधन नहुनु, परिषद् ऐनको दफा ४ को उपदफा २ बमोजिम पेसागत संघसंस्थाको प्रतिनिधित्व नहुनु, विषयविज्ञको सट्टाबाहिरका व्यक्तिले समितिको नेतृत्व गर्नु, एकै सदस्यले पाँचभन्दा बढी समिति सम्हाल्नु तथा उच्च अदालतले तीन महिनाभित्र निर्वाचन गराउन दिएको परमादेश कार्यान्वयन नभएकामा चिन्ता व्यक्त गरेका छन् । पाँचवटै संस्थाका पदाधिकारीले परिषद्का अध्यक्ष सुवोधकुमार शर्मा र रजिस्ट्रार लीलानाथ भण्डारीसमक्ष ज्ञापनपत्र पेस गरेका हुन् ।


## मलेसिया/साउदीमा रोजगार

कम्पनी : TINGGI MAJU PLANTATION SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२१ | LT. No. 336629 | चलानी नं. ६०२५०२२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 20 | 0 | 1700 | ६०,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL-JAW BEVERAGE ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०९/२१ | LT. No. 336383 | चलानी नं. ६०२५०२२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 2 | 0 | 1500 | ५७,५१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DOTI OVERSEAS PVT. LTD.
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np
Govt. License 1294/074/075



## साउदीमा रोजगार

कम्पनी : FAISAL FAHAD AL HARBI CAR MAINTENANCE WORKSHOP

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | LT. No. 336302 | चलानी नं. ६०२५०२५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labor loading & unloading | 1 | 0 | 1200 | ४६,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ROSE SWEETS & CHOCOLATES MANUFACTURING FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०९/२२ | LT. No. 336673 | चलानी नं. ६०२५०२५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Filling & Packaging Labour | 1 | 0 | 1500 | ५७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Truck Driver | 2 | 0 | 1500 | ५७,५२० | | | | | | | |
| 3 | Sweet Maker | 3 | 0 | 1900 | ७२,८६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431
E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



## कुवेतमा रोजगार

कम्पनी : D&f Ladies Beauty Salon Company

पूर्व स्वीकृति मिति : २०८२/०९/२२ | LT. No. 336681 | चलानी नं.६०२५०२६०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 4 | 200 | ९३,६२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ३० गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## मरिशसमा रोजगार

कम्पनी : Super Construction Co Ltd

पूर्व स्वीकृति मिति : २०८२/08/30 | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ | LT. No. 329237 | चलानी नं. ६०२४३०८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel fixer | 27 | 0 | 20,000 | ६२,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 3 | Foreman | 1 | 0 | 20,000 | ६२,३२८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस २७ र २८ गते (11 & 12th Jan. 2026) मा हुनेछ ।
बुटवलमा मिति: २०८२ पुस २९ गते (13th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | २०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



ICONIC HR CONSULTANT PVT LTD
Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588, 9761702070
Mobile: 9851085102, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com
Govt. Licence No. 1760/081/082


## कुमारी बैंक लिमिटेड शाखा कार्यालय पुतलीसडकको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०९/२३ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय पुतलीसडकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ ।**

तपसिल

**ऋणीको विवरण**

**रमेश वैद्य**
ना.प्र.नं.- ३३७९२
जारी मिति - २०४६/०३/१६ जि.प्र.का. काभ्रेपलान्चोक
बाबु - बिकुलाल वैद्य
बाजे - जनकलाल वैद्य
स्थायी ठेगाना- काभ्रेपलान्चोक जिल्ला, बनेपा नगर/गाउँ पञ्चायत वडा नं. १०

**धितो सुरक्षणको विवरण**

१. धनि कुमारी बैंक लि.र ऋणी **रमेश वैद्य** कायम भई बागमति अञ्चल यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम रहेको चे.नं. GGA74J45375, ई.नं. GG71J56178, सवारी नं. बा ६ च २०८६, को Mahindra Bolero Camper थान १ ।
२. धनि कुमारी बैंक लि.र ऋणी **रमेश वैद्य** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंजमा दर्ता कायम रहेको चे.नं. MAT41207391E121165, ई.नं. 90E62758448, सवारी नं. ना ४ ख ३४९ को Tata Bus थान १ ।
३. धनि कुमारी बैंक लि.र ऋणी **रमेश वैद्य** कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय विरगंजमा दर्ता कायम रहेको चे.नं. 388050TVZ131647, ई.नं. 40J62355893, सवारी नं. ना ३ ख २२२ को Truck थान १ ।
४. धनि कुमारी बैंक लि.र ऋणी रमेश वैद्य कायम भई बागमति अञ्चल यातायात व्यवस्था कार्यालय ललितपुरमा दर्ता कायम रहेको चे.नं. 388050LWZ199772, ई.नं. 30L682296307, सवारी नं. बा २ ख १८८१ को Truck थान १ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय पुतलीसडक फोन नं. ५३३२११२

## Baudikali Rural Municipality
## Office of Rural Municipal Executive
Dedhgaun, Nawalparasi (Ba.Su.Pu.)
Gandaki Province, Nepal

### Invitation for E-Bid

Date of publication: 2082-09-23 (2026-01-07)

1. Baudikali Rural Municipality has allocated funds towards the cost of Equipments and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Baudikali Rural Municipality, office of Rural Municipal Executive, invites Electronic Bid from registered Suppliers for the supply, delivery and installation of medical equipment's for the following.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| BRM/NCB/ GOODS-05/ 2082/83 | Procurement of Medical Equipments for Baudikali Basic Hospital | NCB | 66,00,000.00 | 3000/- | 1,65,000/- | 90 days/120 days after bid opening | 2082/10/22 (2026-02-06) 12:00 | 2082/10/22 (2026-02-06) 13:00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Baudikali Rural Municipality, Office of Rural Municipal Executive, Dedhgaun, Nawalparasi (Ba.Su.Pu.), +977-98560-36106 www.baudikalimun.gov.np or may visit PPMO's website www.bolpatra.gov.np

Chief Administrative Officer

## दोस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

क्लासिक भ्यु रिसोर्ट लिमिटेड
Classic View Resort Limited
बुढानिलकण्ठ न.पा.-५, काठमाडौं, नेपाल

*दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/२३ गते*

यस कम्पनीको मिति २०८२/०९/०८ गतेका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय तथा स्थानमा निम्न बिषयहरू उपर छलफल तथा निर्णयको लागि सम्पुर्ण शेयरधनी महानुभावहरूको उपस्थितीको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा बोलाउने सम्बन्धमा**

**वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा संचालन गर्ने ।**

**मिति:** २०८२/०९/३०
**स्थान:** क्लासिक भ्यु रिसोर्ट, बुढानिलकण्ठ, काठमाडौं
**समय:** बिहान ११:०० बजे

**क) साधारण प्रस्ताव**
१. आर्थिक वर्ष २०८१/०८२ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात र मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सानीको हिसाब तथा सोही अवधिको नगद प्रसाह विवरण लगायतका बित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरिक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिबाट नियुक्त भएको स्वतन्त्र संचालक अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरू**
१. यस कम्पनीबाट सर्वसाधारणलाई साधारण शेयरको प्राथमिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने सम्बन्धमा ।
२. सर्वसाधारणलाई साधारण शेयरको प्राथमिक सार्वजनिक निष्काशन (IPO) जारी गर्नका लागि आवश्यक सम्बन्धित निकायबाट स्वीकृत गराउन तथा सो सँग सम्बन्धित आवश्यक सम्पूर्ण कार्यहरू गर्न संचालक समितिलाई अख्तियारी दिने ।
३. प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धमा सम्बन्धीत निकायबाट स्वीकृत गराउनको लागि आवश्यकता अनुसार सोमा थपघट परिमार्जन, संशोधन तथा सच्याउन परेमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**ग) विविध**

**दोस्रो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारीहरू :**
शेयरधनी महानुभावलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको इमेल ठेगानामा कम्पनीको दोस्रो वार्षिक साधारण सभा बस्ने जानकारी पत्र का साथै वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति पठाउने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा क्लासिक भ्यु रिसोर्ट, बुढानिलकण्ठ, काठमाडौंबाट प्राप्त गर्न सक्नु हुनेछ । अन्य जानकारीको लागि क्लासिक भ्यु रिसोर्ट, बुढानिलकण्ठ, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མོ་གཱ་ཨུཾ་པཱ་ལི་ཀཱ།

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### Invitation For Bids

Date of publication: 2082-09-23 (7th Jan, 2026)

1. Khumbu Pasanglhamu Rural Municipality, Solukhumbu invites electronic bids from Nepalese eligible bidders for the following project under National Competitive Bidding procedures.

| IFB No. | Description of Work | Estimated Amount With (VAT and P.S) | Bid Security NRs | Bid Fee NRs | Bid Validity Period | Bid bond security period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 18/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Construction of Fyafulla Tamang Sewa Samaj Bhawan | 6,863,602.19 | 175,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 19/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Construction of Kharikhola sherpa community Building KPLRM – 01,Solukhumbu | 6,843,973.24 | 175,000.00 | 3000.00 | 90 Days | 120 Days | |
| 20/NCB/WORKS/ BLDG/KPLRM/ 2082-83 | Construction Of Tashi Sanga Chholing Gumba Panggom Bar Bandej | 1,462,799.60 | 37,000.00 | 3000.00 | 90 Days | 120 Days | |

2. Eligible bidders may obtain further information and inspect the e-bid Forms at the website of PPMO www.bolpatra.gov.np. and should submit online bids electronically through PPMO e-GP portal www.bolpatra.gov.np.
3. For detail information contact in Khumbu Pasanglhamu Rural Municipality, Tel. No. 038590066, email: itohumbupasanglhamumun@gmail.com

Chief Administrative Officer

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संयमता र सहिष्णुता नै सर्वधर्म

नेपालमा हरेक विध्वंश वा आन्दोलनहरू प्रायः मधेसबाट सुरु हुने भन्दै काठमाडौंले आरोप लगाउँदै आएको छ । राजनीतिक दलका नेताहरू यसलाई स्वादका साथ मसला हाल्न माहिर छन् । दसैंतिहार र छठपछि मधेसमा हिंसा भड्किने जनाउ उनीहरू दिन्छन् । काठमाडौंमा बसेर भविष्यवाणी गर्ने नेताहरूको बोली सुहाउँदो घटना शनिबार धनुषाको कमला नगरपालिकामा भयो । सानो भिडियोबाट सुरु भएको द्वन्द्व हिन्दू–मुस्लिमबीच भिडन्त निम्त्याउने खालले उग्र बन्न पुग्यो ।

खासमा मुस्लिम समुदायका युवाहरूले हिन्दू समुदायप्रति चोट पुग्नेगरी पोस्ट गरेको विषय प्रहरीसम्म पुगेको थियो । प्रहरीले ती पोस्ट गर्ने युवाहरूलाई पक्राउसमेत गरिसकेको थियो । यहीबीचमा हिन्दू युवाहरूले मस्जिदमा तोडफोड गर्नुका साथै कुरान जलाएको दुःखद् घटना बाहिरियो ।

नेपाल धार्मिक सहिष्णुता भएको देश हो । यहाँ एक धर्म मान्नेलाई अर्को धर्म मान्नेले मानसम्मान गर्दै आएको छ । तर शनिबार मधेसमा त्यस्तो भएन । दुवै अतिवादी समूहले एकले अर्कोलाई बद्नाम गराउन लागि परे । जसले गर्दा आइतबार इस्लाम धर्मावलम्बीले वीरगञ्जमा प्रदर्शन गरे । उक्त प्रदर्शन यति उग्र बन्यो कि स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास नै चलाउनुपर्‍यो ।

इस्लाम समुदायको प्रदर्शनमा हिन्दू धर्ममाथि लाञ्छना लगाएको भन्दै सोमबार हिन्दू धर्मावलम्बी प्रदर्शनमा उत्रिए । प्रदर्शनकारीले प्रहरीमाथि ढुंगामुढासमेत गरे । स्थिति नियन्त्रणबाहिर जाने देखिएपछि प्रशासनले निषेधाज्ञा लगायो । सोही क्रममा निषेधाज्ञा उल्लंघन गर्ने २६ जना प्रदर्शनकारी नियन्त्रणमा लिएका थिए । दुवै पक्षबीच हिंसा भड्किने खतरा देखिएपछि प्रशासनले मंगलबार दिउँसोसम्म निषेधाज्ञा जारी राख्यो । सर्वपक्षीय सहमतिमा दिउँसो ३ः३० मा यो क्षेत्रमा निषेधाज्ञा हटाइएको छ । राजनीतिक दल होस् या सुरक्षा संयन्त्र, मधेसमा जुनसुकै बेला हिंसा भड्किने भन्दै पूर्वानुमान गर्ने पहिलेबाटैको चलन हो । हुन पनि मधेसमा धार्मिक दंगाहरू हुँदै आएको देखिन्छ ।

आफ्नो देश, गाउँठाउँको अवस्था सुधार्न लाग्नुपर्ने समयमा युवाहरू यसरी दंगा, हिंसा भड्काउनतिर लाग्नु दुःखद् विषय हो । अतिवादमा लाग्दा केही समयलाई रमाइलो होला, तर दीर्घकालका लागि यो ठूलो घाटाको विषय हो । यस्तो कार्यले देश, समाजलाई मात्र हैन व्यक्ति आफैंलाई पनि ठूलो घाटा लाग्ने गर्छ । त्यसैले उत्तेजनामा नलागेर संयमता अपनाउनु नै उत्तम विकल्प हो । अरुको लहैलहैमा लाग्न छाडेर सहिष्णुता कायम गरौं । सर्वधर्म भनेको नै संयमता र सहिष्णुता हो । विखण्डन र अतिवादको राजनीतिलाई अन्त्य गरौं ।

## श्रम सरोकार

### वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

#### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरूः

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# सामाजिक सुरक्षामा गर्नुपर्ने सुधार



❑ गम्भीरबहादुर हाडा

“ सामाजिक सुरक्षा प्रणालीले कुनै पनि श्रमिक/कर्मचारी/नागरिक मानवीय न्यूनतम आधार भूत आवश्यकता परिपूर्ति हुनबाट वञ्चित हुनु नपर्ने गरी योजनाहरु तर्जुमा गरेको हुन्छ । मानिसलाई बाँच्नका लागि न्यूनतम आधारभूत आवश्यकताहरु तात्त्विक फरक नहुने हुनाले सामाजिक सुरक्षा प्रणालीबाट उपलब्ध हुने सुविधाहरु योगदानमा आधारित एकरुपताको नियमबाट अगाडि बढ्छ । योगदानमा आधारित सामाजिक सुरक्षाले श्रमिकको जीवनमा हुने जोखिमलाई न्यूनीकरण हुनेगरी सुरक्षाका योजनाहरु तर्जुमा गरेको हुन्छ ।

सामाजिक र समाज कल्याणपक्ष राष्ट्रको सर्वांगीण विकासको एक अभिन्न अंग हो । आधुनिक कल्याणकारी राज्यले समाजका विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका ज्येष्ठ एवं वरिष्ठ नागरिकलाई सम्मान र सुविधा प्रदान गरी आर्थिक, सामाजिक सुरक्षा दिनुपर्ने हुन्छ । राष्ट्रका असहाय, अपांगता भएका, महिला, बालबालिका, वृद्ध तथा शारीरिक अशक्तता भएका व्यक्तिहरूको सुरक्षाका लागि उचित पुनर्स्थापना, रोजगारी र सुरक्षाको व्यवस्था गरी देश विकास कार्यमा सरिक गराउनु आवश्यक छ ।

नेपालको मूल कानुन संविधानमा महिला, बालक र वृद्धहरूलाई विशेष व्यवस्था गरी सामाजिक सुरक्षा प्रदान गरिने व्यवस्था गरिएको छ । यस व्यवस्थालाई कार्यान्वयनमा ल्याउन विभिन्न मन्त्रालयहरू (शिक्षा, स्वास्थ्य, वन, स्थानीय विकास, कृषि आदि) ले महिना विकाससम्बन्धी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेका छन् भने यस्ता कार्यक्रमलाई एकीकृतरूपमा सञ्चालन र समन्वय गर्न २०५२ सालमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय स्थापना गरिएको पाइन्छ ।

फिड ल्याण्डरको भनाइअनुसार, ‘सामाजिक संरक्षण भन्नाले कुनै व्यक्तिको जीवनमा आइपर्ने बिरामी, बेरोजगारी, वृद्धावस्था, परिनिर्भरता औद्योगिक दुर्घटना तथा कमजोर स्वास्थ्य भएको अवस्थामा समाजले उसलाई गर्ने संरक्षण हो ।’ सामाजिक संरक्षण वा सुरक्षा भन्नाले मानवीय प्रतिष्ठा तथा सामाजिक न्यायसँग गहिरो सम्बन्ध राख्ने गर्दछ । यसले प्रारम्भमा सामाजिक र मूलभूतरूपमा अन्य आर्जन गर्नेबाट अन्य आर्जन गर्ने क्षमता गुमाएका वा अन्य आर्जन गर्ने हैसियत नभएका व्यक्तिलाई संरक्षण प्रदान गर्ने कुरासँग सरोकार राख्दछ ।

मानिसले सुखको अनुभूति गर्नका लागि आफू बसेको समाजमा सुरक्षाको प्रत्याभूति चाहन्छ । तर वर्तमान विश्व समाजमा जनसंख्याको आकारमा उल्लेखनीयरूपमा हुँदै आएको वार्षिक वृद्धिले समाजमा सुरक्षा पद्धति खल्बलिँदै जान थालेको अनुभूति रहन्छ । प्राचीन युगमा प्राकृतिक पकोपबाट समाजलाई बचाउनु नै सामाजिक सुरक्षा मानिन्थ्यो । पछि आएर जीवन र काममा आउने कठिनाइबाट सुरक्षा दिलाउनुलाई नै सामाजिक सुरक्षा मान्न थालियो ।

१८औं र १९औं शताब्दीमा युरोपमा भएको औद्योगिक क्रान्ति सँगसँगै कारखानामा काम गर्ने कामदार वर्गको प्रादुर्भाव भयो । कामदारहरूलाई उनीहरूको घर र परिवारबाट टाढा गएर कमाएको ज्यालाले दैनिक जीवन धान्न अत्यन्त कठिन थियो । कारखाना वा औद्योगिक प्रतिष्ठानमा कार्यरत कामदार बिरामी भयो वा दुर्घटनामा पर्‍यो भने उक्त



कामदार वा निजको आश्रितलाई कसले सहयोग गर्ने ? कति सहयोग गर्ने ? र कसरी सहयोग गर्ने ? भन्ने अवस्थाको सिर्जना भयो । यस्तो परिस्थितिको सामना गर्न कामदारहरूले आफ्नो आयको थोरै-थोरै रकम बचत गरी एक अर्कालाई सहयोग गर्ने समाजको स्थापना गर्न थाले । शारीरिक अवस्थाका कारण जुन कामदार काम गर्न सक्षम हुँदैन त्यस्तालाई आर्थिक सुरक्षा प्रदान गर्नुपर्दछ भन्ने धारणाको विकास हुन थाल्यो । यसैलाई सामाजिक सुरक्षाको पहिलो रूप मानियो ।

समाजमा धेरै पहिलेदेखि नै गरिब गुरुवाहरूको हेरविचार गर्ने जिम्मेवारी व्यक्ति वा संस्थाहरूले बहन गर्दै आएको पाइन्छ । औद्योगिक क्रान्तिपछि यो समस्या अर्कै रूपमा आउन थाल्यो । किनभने, उद्योगहरू विकसित हुँदै गएपछि विभिन्न कारखानाहरूमा काम गरी नियमित ज्यालामा जीवनयापन गर्नुपर्ने मजदुरहरूको एउटा ठूलै जमातको सिर्जना भयो । समाजका कुनै अशक्त वर्ग महिला, बालबालिका र वृद्ध व्यक्तिहरूका लागि विशेष व्यवस्था गरिएको पनि पाइन्छ । कमजोर र अशक्त वर्गलाई सशक्तीकरण गरी उनीहरूलाई सामाजिक न्याय, प्रदान गर्ने कुरा लोककल्याणकारी राज्यको आधरभूत मान्यता हो ।

राष्ट्रको सर्वांगीण विकासका लागि समाजका हरेक वर्ग र व्यक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । प्राचीन धर्मग्रन्थहरूमा उपकार, सेवा र अशक्त तथा उत्पीडतहरूको सामाजिक न्यायका लागि जोड दिइएको पाइन्छ । विश्वमा खासगरी सन् १९३० को महान आर्थिक मन्दीपछि सामाजिक सुरक्षाको अवधारणामा तीव्र विकास भएको पाइन्छ । सामाजिक सुरक्षाको स्पष्ट कानुनी व्यवस्था सर्वप्रथम अमेरिकामा सन् १९३५ को सामाजिक सुरक्षा कानुनबाट भएको पाइन्छ । राज्यले एकातिर कानुनको अगाडि सबै समान हुनेगरी समानताको व्यवस्था गरेको हुन्छ भने अर्कोतिर केही वर्ग वा कुनै किसिमका व्यक्तिहरूका लागि संरक्षित विशेष व्यवस्थाहरू गरेको पाइन्छ । सामाजिक सुरक्षाअन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका अतिरिक्त दुर्घटना, मृत्यु, बिरामी वा अशक्तताको अवस्थामा सहयोगका कुराहरू पर्दछन् ।

केही मुलुकमा सामाजिक सुरक्षा कार्यक्रम विस्तृत छ भने केही मुलुकमा सीमित मात्रामा छ । विकसित मुलुकहरूमा सामाजिक सुरक्षाले जन्मदेखि मृत्यु र चिहानमा गाड्दासम्मको अवस्थालाई समेट्छ । खासगरी सामाजिक सुरक्षाअन्तर्गत प्रसूति हुँदा उपलब्ध गराइने सहयोग, बच्चाको हेरचाह र खानपिनका निम्ति उपलब्ध गराइने सहयोग, बिरामी हुँदाको बखत स्वास्थ्य उपचारको व्यवस्थालगायत पर्दछन् । यसैगरी बेरोजगारहरूलाई उपलब्ध गराउने सहयोग, अपांगता भएकाहरूलाई उपलब्ध गराइने सहयोग, वृद्धावस्थामा उपलब्ध गराइने सहयोग, दुर्घटना भएका बखत उपलब्ध गराइने सहयोग, महिला, दलित र केटाकेटीको संरक्षणका निम्ति उपलब्ध गराइने सहयोग, बिरामी भएका बखत पाउने तलबी बिदा, विपन्नलाई स्वास्थ्य र शिक्षाको व्यवस्था आदि पनि सामाजिक सुरक्षाअन्तर्गत पर्दछन् ।

२०७८ सालको जनगणनाअनुसार नेपालको कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ रहेकोमा पुरुषको संख्या एक करोड ४२ लाख ५३ हजार ५५१ (४८.९८ प्रतिशत) र महिलाको संख्या एक करोड ४९ लाख ११ हजार २७ (५१.०२) रहेको छ । नेपाल सरकारको सामाजिक सुरक्षा योजनाअन्तर्गत सामाजिक सहायता र सामाजिक संरक्षण प्राप्त गर्नेको संख्या ३६ लाख ८३ हजार ६५८ रहेको छ । यो कूल जनसंख्याको करिब १३ प्रतिशत हुन आउँदछ ।

राज्यमा राज्यप्रति नागरिकको भरोसालाई कसिलो बनाइ राज्यले निभाउनुपर्ने अभिभावकको भूमिका खेल्ने माध्यम रहेको सामाजिक सुरक्षा प्रणालीलाई प्रभावकारी र दिगो बनाउन योगदानमा आधारित सामाजिक सुरक्षाको अपरिहार्यता देखिन्छ । सैद्धान्तिक रूपमा सामाजिक सुरक्षा प्रणाली पूर्ण हुन तीन ‘एस’ उपयुक्तता, पर्याप्तता र दिगोपना आवश्यकता पर्छ । योगदानमा आधारित सामाजिक सुरक्षाको चक्रीय प्रभावले कार्यसम्पादन उन्मुख संस्कार हुँदै मर्यादित श्रमबजारमार्फत अर्थतन्त्रमा क्रियाशीलतासहित उत्पादनमूलक र उद्यमशीलता प्रवर्द्धनका आधारमा राज्यको समग्र उत्पादकत्व अभिवृद्धिको आधार तयार गर्छ । जस्तैः नेपालमा युनिभर्सल पेन्सनअन्तर्गत मासिक चार हजार रूपैयाँका दरले ६८ वर्षमाथि उमेरका नागरिकलाई भत्ता रकम उपलब्ध गराउने ।

अधिकांश युवायुवती काम गर्न खाडी मुलुक जानुपर्ने परिस्थिति छ । बाबु आमालाई जीवन धान्न चार हजार न त पर्याप्त हुन्छ, न ऊर्जाशील जनशक्ति बाहिर जाँदा अर्थतन्त्र क्रियाशील हुन पाउँछ । अन्तिममा यस्तो भत्ता प्रणालीको दिगोपनामा चुनौती थपिन्छ । युवाको ऊर्जा स्वदेशी श्रमबजारमा उपभोग हुन नसक्ने तर सामाजिक सुरक्षा खर्चहरू बढ्दै जाने हो भने अर्थतन्त्रले थेग्न सक्छ वा सक्दैन यो पेचिलो प्रश्न हामीसामु छ । आज युवायुवतीमा कामको अवसर र गन्तव्य मुलुकको सामाजिक सुरक्षाका कारणले विदेशप्रतिको मोह बढेको देखिन्छ ।

आजको युवामा स्वदेशमै मासिक २० हजार रूपैयाँको रोजगारीमा रहँदा पनि आफू बिरामी भए वा परिवारका सदस्यहरू बिरामी परे भने औषधि उपचारसमेत गर्न सक्ने स्थिति हुँदैन र बचत पनि गर्न सकिँदैन भन्ने निराशा व्याप्त पाइन्छ । त्यसैले असल श्रम अभ्यासमार्फत सामाजिक-आर्थिक रूपान्तरणका लागि सामाजिक सुरक्षा कोषको महत्त्वपूर्ण योगदान हुन सक्छ । सामाजिक सुरक्षाका योजनाहरूलाई जनसांख्यिक वनावटअनुसार अवसर सिर्जना गर्ने गरी तर्जुमा गर्नुपर्ने आजको यथार्थ हो । योगदानमा आधारित सामाजिक सुरक्षाले स्वदेशमै काम गर्ने वातावरण, योगदान रकमबाट लगानीयोग्य पुँजी निर्माणमार्फत उत्पादनशील क्षेत्रमा लगानी हुँदै सामाजिक पुँजी, मानवीय पुँजी र भौतिक पुँजी निर्माण गर्छ ।

सामाजिक सुरक्षा प्रणालीले कुनै पनि श्रमिक/कर्मचारी/नागरिक मानवीय न्यूनतम आधार भूत आवश्यकता परिपूर्ति हुनबाट वञ्चित हुनु नपर्ने गरी योजनाहरू तर्जुमा गरेको हुन्छ । मानिसलाई बाँच्नका लागि न्यूनतम आधारभूत आवश्यकताहरू तात्त्विक फरक नहुने हुनाले सामाजिक सुरक्षा प्रणालीबाट उपलब्ध हुने सुविधाहरू योगदानमा आधारित एकरूपताको नियमबाट अगाडि बढ्छ । योगदानमा आधारित सामाजिक सुरक्षाले श्रमिकको जीवनमा हुने जोखिमलाई न्यूनीकरण हुनेगरी सुरक्षाका योजनाहरू तर्जुमा गरेको हुन्छ । सामाजिक सुरक्षालाई लक्षित वर्गसम्म र दिगो बनाउनका लागि पेन्सन उमेर निर्धारण गरी त्यो उमेर पुगेपछि मात्र योगदानकर्ता पेन्सन पाउन योग्य हुने सिद्धान्तमा आधारित हुन्छ ।

संविधानको धारा ३४ को मर्मअनुसार सबै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा आबद्ध गराउनेगरी योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसारको सामाजिक सुरक्षा कोषलाई सामाजिक सुरक्षा योजनाहरू सञ्चालन गर्ने जिम्मेवारी दिएपछि २०७५ मंसिर ११ गते योजनाहरू सार्वजनिक गरियो र २०७६ साउनदेखि योगदान रकम जम्मा गरी तोकेबमोजिमका सुविधाहरू उपलब्ध गराउन थालेको अवस्था छ । सामाजिक सुरक्षा कोषले सञ्चालनमा ल्याएका सुरक्षा योजनाहरू अन्तर्राष्ट्रियस्तरमा कार्यान्वयनमा रहेका बेरोजगारी योजनाबाहेक अन्य योजनाहरू करिब-करिब कार्यान्वयनमा छन् । ऐनले परिकल्पना गरेअनुसार ऐन कार्यान्वयनमा आइसकेपछिको तीन महिनाभित्र सबै रोजगारदाताहरू सूचीकरण हुनुपर्ने गरी मन्त्रालयले २०७५ कात्तिक २७ गते राजपत्रमा सूचना प्रकाशन गरेको थियो । योजनाहरूको चरणबद्धरूपमा भौगोलिक र क्षेत्रगतरूपमा पनि सामाजिक सुरक्षा योजनाहरू लागू गरिने अभ्यास भएता पनि नेपालमा सबै योजनाहरू एकैपटक विनापाइलटिङ लागू गरियो । यही कारणले केही द्विविधालगायत असन्तुष्टिहरू देखिए ।

वर्तमान १६औं योजना (२०८१/८२-०८५/८६) मा सामाजिक सुरक्षालाई प्रभावकारी बनाउने नीति तथा रणनीति राखिएको छ । यस योजनामा सामाजिक सुरक्षासँग सम्बन्धित ऐन नियममा समयानुकूल सुधार एवं परिमार्जन गर्ने; सामाजिक सुरक्षाको वर्तमान संरचना र प्रणालीलाई एकीकृत र व्यवस्थित गरी सबैको जीवनयापनलाई सहज बनाउने उल्लेख छ । यसैगरी एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना-२०८० को प्रभावकारी कार्यान्वयन गर्ने, योगदानमा आधारित सामाजिक सुरक्षामार्फत सामाजिक संरक्षणको दायरा विस्तार गर्ने; सामाजिक सुरक्षा कोषको रकमलाई सुरक्षित लगानीको रूपमा रूपान्तरण तथा विविधीकरण गरी उत्पादनमूलक र रोजगारी सिर्जनाको क्षेत्रमा परिचालन गर्ने; विपन्न तथा बेरोजगार नागरिकलाई रोजगार सेवा र श्रमबजारको मागअनुरूपको सीप र सक्षमता विकास गर्ने; वैदेशिक रोजगारीमा रहेका नागरिकको कार्यशील र अवकाश जीवनमा आवश्यक पर्ने आधारभूत सामाजिक सुरक्षाको वित्तीय दायित्व व्यवस्थित गर्ने लक्ष्यसमेत समेटिएको छ ।

## सामाजिक सुरक्षाको प्रभावकारिता बढाउने उपाय

खास गरेर सामाजिक संरक्षण प्रदान गर्ने प्रमुख दुई तरिकाहरू देखापरेका छन्- सामाजिक सहयोग र सामाजिक बिमा । सामाजिक सहयोग संरक्षण गर्ने पुरानो तरिका हो । यसमा पीडित श्रमिकको प्रत्यक्ष आर्थिक योगदान रहँदैन । यो त कुनै श्रमिक कठिनाइमा परेपछि राज्यले वा रोजगारदाता वा अरू कसैले एकतर्फीरूपमा गर्ने सहयोग हो । यस्तो सहयोग पनि दुई प्रकारका छन्- स्वेच्छिक र अनिवार्य ।

गैरसरकारी क्षेत्रमा हाल देखापरेका समस्याहरूलाई समयसापेक्ष र प्रभावकारी ढंगबाट अगाडि बढाउन वर्तमान समाज कल्याण ऐन, २०४९ लाई समयानुकूल संशोधन, परिमार्जन गरी समाज विकास ऐन निर्माण गर्ने प्रयासलाई जारी राखिएको छ । सामाजिक बिमाअन्तर्गत कुनै प्रकारको दुःख तथा कठिनाइमा परेका श्रमिकलाई बिमा कम्पनी तथा बिमा गर्ने पेसाबाट उसको समस्याको गाँठो फुकाउने कार्य गरिन्छ । यहाँ कठिनाइमा परेको व्यक्ति स्वयंले वा उसको तर्फबाट व्यवस्थापक वा अरू कसैले नियमितरूपमा आर्थिक योगदान गरिरहेको हुन सक्छ । नेपालमा सवारी तथा यातायात व्यवस्था नियमावली, २०४९ ले सवारीचालक, परिचालक तथा हेल्परको दुर्घटना बिमा सवारीधनीले अनिवार्यरूपमा गर्नुपर्ने व्यवस्था गरेको छ ।

## सामाजिक संरक्षण प्रदान गर्ने निम्नलिखित तीन अवस्थालाई अपनाउन आवश्यक छः

(१) रोकथामको व्यवस्थाः यसअन्तर्गत काम गर्ने प्रत्येक श्रमिकको आयआर्जन गर्ने क्षमतामा ह्रास आउनुभन्दा अगाडि त्यस्तो ह्रास आउन नदिन विभिन्न उपाय अवलम्बन गरिन्छ ।

(२) पुनर्स्थापनाः यसअन्तर्गत अन्य क्षमता गुमाएका वा शरीरको कुनै अंग गुमाएका व्यक्तिहरूलाई त्यस्तो अंग प्रतिस्थापन गर्दै वा कमजोर भएका श्रमिकलाई तन्दुरुस्त गर्ने कार्यहरू पर्दछन् ।

३) क्षतिपूर्तिः यस शीर्षकअन्तर्गत मूलरूपले आर्थिक सहयोगको विषय पर्दछ । जस्तैः बेरोजारीको अवस्था, अंगभंग भएको अवस्था, मृत्यु तथा वृद्धावस्थामा गरिने आर्थिक सहयोग पर्दछन् । क्षतिपूर्तिभित्र अनिवार्य बिमा र अनिवार्य सहयोग पनि पर्न आउँछ ।

सामाजिक संरक्षण कार्यक्रम लागू गर्नका लागि राज्यले खासै ठूलो आर्थिक भार व्यहोर्नु पर्दैन । यसलाई कर्मचारी सञ्चय कोष जसरी अहिले संलग्न भइरहेको छ त्यसरी नै सञ्चालन गर्न/गराउन सकिन्छ । यसका कतिपय योजना त सरकारको संरक्षण र सुपरीवेक्षणमा निजी क्षेत्रबाट पनि सञ्चालन हुन सक्छ । त्यसैले यहाँ राज्यको योगदान भनेको दुई कुरामा रहन्छ- अभिभावक वा संरक्षकको भूमिका र सुपरीवेक्षकको भूमिका ।

# मुहार फेर्दै डिभिजन वन कार्यालय बाँके

**जानकी (बााके)**– डिभिजन वन कार्यालय बाँकेले कार्यालयलाई आधुनिक, प्रविधिमैत्री डिजिटल र सेवामैत्री बनाउने लक्ष्यसहित भौतिक निर्माण, पुनर्संरचना र सौन्दर्यकरण (बगैँचा) निर्माण तीव्र रूपमा गरिरहेको छ । जीर्ण अवस्थामा रहेको कार्यालयपरिसर निर्माण, मर्मतसम्भार गर्दै संरचनात्मक सुधार र दृश्यात्मक आकर्षण थप्ने कामको औपचारिक शुभारम्भ गरिएको हो ।

डिभिजन वन कार्यालयका सिनियर डिभिजन वन अधिकृत शंकरप्रसाद गुप्ताले भने, 'हामीले चालु आर्थिक वर्षदेखि यस कार्यालयलाई नयाँ र आकर्षक बनाउने उद्देश्यले आवश्यक मर्मतसम्भार र केही भौतिक संरचनाको निर्माण सुरु गरेका छौं ।' अहिलेको कार्यालय संरचना कर्मचारी संख्या र सेवाग्राहीको चापअनुसार पर्याप्त नभएको बताउँदै उनले नयाँ भवन निर्माण र भौतिक सुधारपछि सेवा प्रवाह अझ छरितो, व्यवस्थित र प्रभावकारी बन्ने विश्वास व्यक्त गरे ।

उनका अनुसार कार्यालयको मुख्य प्रवेशद्वार पुनर्संरचना गर्नुका साथै प्रवेशद्वार पूर्णरूपमा पुनर्निर्माण गरिएको छ । 'यसअघि प्रवेशद्वारको मर्मत नहुँदा सहायक वैकल्पिक द्वार प्रयोग गर्नुपर्थ्यो,' उनले भने, 'एक लाख रूपैयाँको लागतमा नयाँ प्रवेशद्वार निर्माण भएपछि आवतजावत सहज भएको छ ।' मुख्य प्रवेशद्वार अगाडि रहेको खाल्डो पुर्न १० टिपर माटो प्रयोग गरिएको उनले जानकारी दिए ।

कार्यालयलाई डिजिटल र सूचनामैत्री बनाउने उद्देश्यले दुईवटा डिजिटल बोर्ड स्थापना गरिएको छ । साथै, यसअघि आधा भागमा मात्र सीमित रहेको कार्यालय पर्खाललाई चालु आर्थिक वर्षमा पूर्ण गरिएको वन अधिकृत गुप्ताले जानकारी दिए । 'पहिला पर्खाल आधा थियो । तर यही आवमा हामीले १३ लाख रूपैयाँभन्दा बढी लागतमा पर्खाल निर्माण सम्पन्न गरेका छौं,' गुप्ताले भने, 'अब त्यसमा रङ रोगन गरी वन, वातावरण र वन्यजन्तु झल्काउने चित्रहरू कोरेर थप आकर्षक बनाउने कार्य भइरहेको छ ।'

कार्यालय परिसरभित्र कर्मचारी र सेवाग्राहीका लागि विश्रामस्थलको व्यवस्था गर्दै काठ र खरको गोल घर पनि निर्माण गरिएको छ । कार्यालयलाई अझ आकर्षक बनाउन परिसरमा रहेको बाघ, हात्तीलगायत मूर्तिलाई रङरोगन गरी नयाँ रूप दिइएको छ । दुई कट्ठा क्षेत्रफलमा फैलिएको फूलबारीको गोडमेल गरी हिउँदे फूलहरू रोपिएको छ भने परिसरभित्र उम्रिएका साना-ठूला झाडी कटान गरी व्यवस्थित गरिएको छ ।

यसै क्रममा, डिभिजन वन कार्यालयमा नयाँ भवन निर्माण पनि औपचारिकरूपमा सुरु भएको छ । लुम्बिनी प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयअन्तर्गतको वन निर्देशनालयको पहलमा कार्यालयका लागि तीन तले नयाँ भवन निर्माण हुन लागेको वन अधिकृत गुप्ताले जानकारी दिए । उनका अनुसार उक्त भवन ३६ कोठाको हुने छ ।

प्रदेश सरकारको बजेट स्रोतबाट निर्माण हुन लागेको यस आयोजनाको अनुमानित कूल लागत तीन करोड ५० लाख ६० हजार रूपैयाँ रहेको डिभिजनल वन अधिकृत गुप्ताले जानकारी दिए । सो भवन निर्माणका लागि दुई करोड ६० लाख ३४ हजार रूपैयाँमा ठेक्का सम्झौता गरिएको कार्यालयले जनाएको छ । गुप्ताका अनुसार गत साउन ७ गते ठेक्का सम्झौता सम्पन्न भएको यो भवन २०८४ असार १५ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

'वन संरक्षण, व्यवस्थापन र वनसम्बन्धी सेवालाई एउटै स्थानबाट व्यवस्थित रूपमा सञ्चालन गर्न आधुनिक पूर्वाधार आवश्यक थियो,' गुप्ताले भने, 'यो नयाँ भवनले हाम्रो कार्यसम्पादन क्षमतामा उल्लेखनीय सुधार ल्याउने हामीले विश्वास लिएका छौं ।' उनका अनुसार निर्माण गुणस्तरीय र समयमै सम्पन्न होस् भन्ने उद्देश्यले नियमित अनुगमन र प्राविधिक मूल्यांकन गरिएको छ ।

'सरकारी लगानीको सदुपयोगमा कुनै सम्झौता हुँदैन,' उनले भने, 'आन्तरिक बोलपत्र प्रक्रियामार्फत अघि बढाइएको यो आयोजना सम्पन्न भएपछि बाँके जिल्लामा वन संरक्षण, जैविक विविधता व्यवस्थापन तथा वनसम्बन्धी सेवा प्रवाह थप प्रभावकारी हुने अपेक्षा गरिएको छ ।' *रासस*

# सर्वदलीय बैठकबाट विवाद टुंगिएसँगै वीरगञ्जमा हटाइयो 'कफर्यु'

**वीरगञ्ज (पर्सा)**– सर्वदलीय तथा सर्वपक्षीय बैठकले विगत केही दिनदेखि वीरगञ्जमा भइरहेको विरोध प्रदर्शन अबदेखि नगर्ने सहमति गराएको छ । जिल्ला प्रशासन कार्यालय पर्साको अगुवाइमा मंगलबार यहाँ बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले सहमति जुटाएसँगै सोमबारदेखि लगाइएको 'कफर्यु' पनि मंगलबार ३:३० बजेदेखि हटाइएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले अन्य मुलुक वा स्थानमा घटेका घटनालाई लिएर वीरगञ्जमा प्रदर्शन तथा आन्दोलन नगर्ने प्रतिबद्धता गरेसँगै कफर्यु हटाउने निर्णय भएको जानकारी दिए । 'यहाँका दुई समुदायबीच सहमति र यहाँको शान्ति सुरक्षाको अवस्था सहज बन्दै गएपछि कफर्यु हटाउने निर्णय गरेका हौं,' उनले भने, 'अब यहाँको जनजीवन सामान्यतर्फ उन्मुख भइरहेको छ ।'

सो बैठकले आन्दोलनरत पक्षले विरोध प्रदर्शन गर्नुअघि प्रमुख जिल्ला अधिकारीको अग्रिम अनुमति लिई प्रमुख जिल्ला अधिकारीसमक्ष ज्ञापनपत्र पेस गर्न जोड दिने, तत्पश्चात्मात्र आन्दोलनको कार्यक्रम सञ्चालन गर्ने निर्णय भएको बताइएको छ ।

'भविष्यमा हुन सक्ने धार्मिक, सामाजिक, सद्भावविरुद्धका गतिविधिहरूलाई नियन्त्रण गर्न तथा आवश्यक कानुनी कारबाहीका लागि सिफारिस गर्न जिल्लास्थित क्रियाशील राजनीतिक दलहरू एवं विभिन्न धार्मिक समुदायका अगुवाहरू रहने तपसिलबमोजिमको स्थायी सद्भाव संयन्त्र गठन गर्ने निर्णय भएको छ,' उनले भने ।

प्रजिअ दाहालका अनुसार सो स्थायी सद्भाव संयन्त्रमा हिन्दू समुदायका तर्फबाट रञ्जित साह, रञ्जन सिंह रहने छन् । त्यसैगरी, मुस्लिम समुदायका तर्फबाट महमद महबुब अलि (शेरु) र अलि असगर मदनी रहने छन् ।

सो सर्वपक्षीय तथा सर्वदलीय बैठकले अन्य धार्मिक समुदायबाट पनि आवश्यकताअनुसार प्रतिनिधित्व र जिल्लास्थित राजनीतिक दलहरूका तर्फबाट एक/एक जना प्रतिनिधि रहने व्यवस्था गरिएको छ । त्यसैगरी, सोही संयन्त्रमा नेपाल पत्रकार महासंघका अध्यक्ष तथा नागरिक समाजको प्रतिनिधि सदस्य रहने छन् ।

सो बैठकले सबै प्रकारका सञ्चारकर्मीहरूलाई समाचार सम्प्रेषण गर्नुपूर्व धार्मिक, सांस्कृतिक/सामाजिक सद्भावमा खलल नपुग्नेगरी सामाचार सम्प्रेषण गर्न अनुरोध गर्ने पनि निर्णय गरेको छ । त्यसैगरी धार्मिक, सांस्कृतिक, सामाजिक सद्भाव बिथोल्न दुरुत्साहन गर्ने समूह/आन्दोलनकारीलाई कानुनी दायरामा ल्याउन स्थानीय प्रशासन सक्रिय रहने बताइएको छ ।

साथै, सबै पक्षले आ-आफ्नो, समूहका तर्फबाट भएका कमजोरीको मनन गर्दै आ-आफ्नो समुदायका व्यक्तिलाई अनुशासन र आत्मसंयम तथा सद्भाव कायम राख्न प्रतिबद्धता व्यक्त गर्ने निर्णय भएको छ । सो बैठकले विद्यमान परिस्थितिलाई सहज बनाउन सबैले आ-आफ्नो स्थानबाट सक्रिय र सकारात्मक भूमिका निर्वाह गर्दै थप विरोध कार्यक्रमहरू नगर्ने पनि निर्णय भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । *रासस*

# महोत्तरीमा थपिए ३४ हजार २५२ मतदाता

**महोत्तरी (प्रस)**– प्रतिनिधिसभा सदस्यको आसन्न निर्वाचनका लागि महोत्तरीमा ३४ हजार २५२ नयाँ मतदाता थपिएका छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा २० हजार ५२ पुरुष, १४ हजार १९९ महिला र एक जना अन्य गरी ३४ हजार २५२ नयाँ मतदाता थपिएका हुन् ।

जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाका अनुसार जिल्लामा कूल मतदाता चार लाख ३१ हजार २८२ रहेका छन् । यसअघि जिल्लामा तीन लाख ९७ हजार ३० जना मतदाता थिए । क्षेत्रगत रूपमा जिल्लामा चार वटा निर्वाचन क्षेत्र रहेका उनले जानकारी दिए ।


## कुवेतमा रोजगार

कम्पनी : GAIN FOOD SUPPLIES COMPANY — शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०९/२२ — चलानी नं.: ६०२५०२४६ — LT.No.: 336679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASST-BAKER | 6 | 0 | स. काममा दक्ष | 130 | ६०,९७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस ३0 गते (14 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्न र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्न होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

## कुवेतमा रोजगार

कम्पनी : SAFEER AL NIDA GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०६/१० — पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ — LT. No. 331651 — चलानी नं. ६०२४५४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 3 | 0 | 120 | ५६,१७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ३0 गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

## युएइमा रोजगार

कम्पनी : DESCON ENGINEERING

पूर्व स्वीकृति मिति : २०८२/04/२२ — पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०९/२२ — LT. No. 328769 — चलानी नं. ६०२४२५६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 29 | 0 | 1000 | ३९,१६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2. | Pipe Fitter | 50 | 0 | 1300 | ५०,९०८ | | | | | | | |
| 3. | RIGGERS | 47 | 0 | 1200 | ४६,९९२ | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | 1300 | ५०,९०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ३0 गते (14th Jan. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9808818851, 9816060051, 9851015421, 9746458492, 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np


## रास्कोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आर.सि.पि. कालीकोट
कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति २०८२/०९/२३)

यस कार्यालयबाट मिति २०८२/०७/०९ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्र खोलि प्राविधिक प्रस्ताव मुल्यांकन गर्दा सफल भएका तपसिलका बोलपत्रदाताको बोलपत्रको आर्थिक प्रस्ताव २०८२/०९/३० गतेको ठिक २ः०० बजे यस कार्यालयमा खोलिने भएकोले, सार्वजनिक खरिद नियमावलिको नियम ३१ (ज) को उपनियम (५) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः-

| S.N | Contract ID | Description of Works | Technical Proposal Successful Bidder |
|---|---|---|---|
| 1 | RM/082-083/ WORKS/ NCB-04 | Construction of Dharmadatta Basic School, Raskot Municipality-04 | 1. New K.P Construction Pvt.Ltd, New Baneshwor, Ktm<br>2. Shisan-KB Joint Venture, Birendranagar Surkhet<br>3. Jateshwor Nirman Sewa Pvt.Ltd, Koteshwor, Ktm<br>4. Freeman - D & D J.V, Kalikot |

"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि, समतामूलक विकास समृद्धि"

## इन्द्रसरोवर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
कुलेखानी, मकवानपुर
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशन मितिः २०८२/०९/२३)

प्रस्तुत विषयमा यस गाउँपालिकाको कार्यालयबाट सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान भए बमोजिम तपसिलको कार्यको लागि रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मध्येबाट न्युनतम मुल्यांकित सारभूतरूपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७, उपदफा २, ३ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भि.एस. र मु.अ.क. समेत) रु. | कै. |
|---|---|---|---|---|---|
| 1. | IRM/NCB/W-01/ ROADS/ 2082/083 | construction and Improvement of Dewaltar Mauwatar Road Project | M/S Shubharambh Infra and Builders Pvt. Ltd., Bardibas-03, Mahottari | 46,90,287.61 | |
| 2. | IRM/NCB/W-02/ PROTECTION/ 2082/083 | Sukaura Khola (Khanikhet Area) Protectionct | M/S Rawal construction pvt.ltd., Kathmandu-03, Basundhara | 38,07,313.238 | |
| 3. | IRM/NCB/W-03/ PROTECTION/ 2082/083 | Jyamire Batsaladevi Sanutar Daudare Simlephant Kunyutar Protection Work | M/S Pashupatastra Construction Pvt Ltd, Indrasarowar-03, Makawanpur | 50,58,044.98 | |
| 4. | IRM/NCB/W-03/ PROTECTION/ 2082/083 | Construction and Improvement of Chaukitol Mahachuni Road Project upto Thaha 9. | M/S Dakshinkali All Over Builders and Suppliers pvt ltd, Kathmandu-16, Balaju | 1,13,25,312.68 | |
| 5. | IRM/NCB/W-05/ PROTECTION/ 2082/083 | Construction of Mahalaxmi Khola Protection Work Indrasarowar 4 | M/S Shanvi Engineering & Construction Pvt. Ltd. Kageshwori Manohara 8 Kathmandu | 19,53,714.40 | |

प्रमुख प्रशासकीय अधिकृत

Government of Sudurpashchim Province
Ministry of Physical Infrastructure Development
**Water Supply and Sanitation Division Office**
Kailali

## Notice For Letter of Intent (LOI)

**(First date of publication: Jan. 07, 2026 (2082 Poush 23))**

1. This is to notify (as per clause 27(2) of Public Procurement Act, 2063) to all concerned bidders that, we are going to award following contracts as per notice published on national level newspaper and PPMO's e-GP portal bolpatra.gov.np/egp on Dec. 03, 2025 (2082 Mangshir 17) to the following bidders selected as substantially responsive lowest evaluated bid. This notice is published for the purpose of clause 47 of Public Procurement Act, 2063.

| S. N. | Contract ID | Description | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Inclusive of VAT) (NRs.) |
|---|---|---|---|---|
| 1 | WSSDO/KAILALI/ NCB/GOODS/ 01/2082-83 | Supply and Delivery of HDPE Pipe (PE-100) - (Confirming to NS 40:2079) for Various Water Supply Projects of Kailali and Kanchanpur Districts | Om Panchapuri Industries Pvt. Ltd .Ga.Pa. -6, Banke | 1,24,07,689.44 |
| 2 | WSSDO/KAILALI/ NCB/GOODS/ 02/2082-83 | Supply and Delivery of HDPE Pipe (PE-100) - (Confirming to NS 40:2079) for Various Water Supply Projects of Kailali and Kanchanpur Districts | Om Panchapuri Industries Pvt. Ltd .Ga.Pa. -6, Banke | 1,02,84,409.45 |

**Division Chief**


# प्रभाव दैनिक

बुधबार, २३ पुस २०८२ (Wednesday, 07 January 2026)


रूपशाला

**'आइ एम जीतबहादुर' फिल्म बनाउँदै जितु नेपाल**

अभिनेता जितु नेपालले नयाँ फिल्म निर्माण गर्ने घोषणा गरेका छन् । मंगलवार बिहान उनले सामाजिक सञ्जालमा फिल्मको फर्स्टलूक पोस्टर सार्वजनिक गर्दै 'आइ एम जीत बहादुर' शीर्षकको फिल्म निर्माण गर्ने घोषणा गरेका हुन् । सुभेन्दु घोषको कथा तथा निर्देशनमा तयार हुने यो फिल्ममा जितु नेपाल निर्माताको रूपमा रहने छन् भने निश्चल कुँवर तथा नीरज नेपाल कार्यकारी निर्माताको रूपमा रहने छन् । छायांकन चाँडै प्रारम्भ हुने जनाएको फिल्म सन् २०२६ मै प्रदर्शन हुने लक्ष्य राखिएको छ ।




# 'सिनेमा प्रमाणीकरणका लागि बोर्डलाई प्रभावकारी बनाउनुपर्छ'

